# रिब्दीकोट गाउँपालिका
## गाउँ कार्यपालिकाको कार्यालय
खस्यौली, पाल्पा
लुम्बिनी प्रदेश, नेपाल

प.सं.२०८२/०८३
च.नं.

9760870079
info@ribdikotmun.gov.np
www.ribdikotmun.gov.np


### तहवृद्धिको सुचना

(प्रकाशित मिति २०८३।०३।१८)

सुचना नं. २/०८२/८३ (तहवृद्धि)

स्थानीय निजामती सेवा ऐन, २०८१ को दफा ३१ बमोजिम तहवृद्धि हुने पदभन्दा एक तह मुनिको पदमा पाँच बर्षको सेवा अवधि पुरा भएका, पछिल्लो पाँच बर्षको कार्यसम्पादन मूल्यांकनमा औषत नब्बे प्रतिसत अंक प्राप्त गरेका, आवश्यक भौगोलिक क्षेत्रमा अनुभव प्राप्त गरेका, दफा ३४ बमोजिमको अवस्था विद्यमान नरहेका उपयुक्त उम्मेदवारहरुले दफा ३१ को उपदफा (१) र (२) मा उल्लेख भए बमोजिमको तहमा तहवृद्धि हुन चाहेमा तहवृद्धि हुनका लागि यस कार्यालयमा स्थानीय सेवा नियमावली, २०८१ को नियम ४८ अनुसार सोहि नियमावलीको अनुसूची-१६ बमोजिमको ढाँचामा सुचना प्रकाशित भएको मितिले १५ (पन्ध्र) दिन भित्र तपसिलका कागजात सहित आवेदन पेस गर्न यो सुचना प्रकाशन गरिएको छ।

तपसिल

१. सक्कल निवेदन,
२. हालको पदको नियुक्ति पत्रको प्रमाणित प्रतिलिपि,
३. नेपाली नागरिकता प्रमाणपत्रको प्रतिलिपि,
४. कर्मचारी समायोजन भएको प्रमाणपत्रको प्रतिलिपि,
५. अद्यावधिक वैयक्तिक विवरणको प्रतिलिपि,
६. पछिल्लो पाँच वर्षको कार्यसम्पादन मुल्यांकन फाराम पेस गरेको कार्यालयको विवरण,
७. सम्बन्धित कार्यालयको सेवा निरन्तरता सम्बन्धी सिफारिस पत्र,
८. हालसम्म विभागीय कारवाहीमा नपरेको तथा प्रचलित कानून बमोजिम तहवृद्धिका लागि अयोग्य नरहेको स्वघोषणा,
९. तोकिएको शैक्षिक योग्यताको प्रमाणित प्रतिलिपि।

**पुनश्चः पेश गरिने कागजातको सिलसिलेवार पंजिका बनाई फाइलमा पेश गर्नुपर्नेछ।**

(सुरेश भुसाल)
प्रमुख प्रशासकीय अधिकृत
**प्रमुख प्रशासकीय अधिकृत**